# आर्थिक वर्ष २०७६/०७७ को
# निति, कार्यक्रम तथा बजेट
# र
# नगर विकास योजना

## दिपायल सिलगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

सिलगढी, डोटी
सुदूरपश्चिम प्रदेश, नेपाल

# दिपायल सिलगढी नगरपालिका
## नगर कार्यपालिका, डोटी
## Dipayal Silgadhi Municipality
## Municipal Executive, Doti

☎-४२००९०
-४२०१६८
फ्याक्स नं.०९४-४२०२९७
ई-मेल-info@dipayalsilgadhimun.gov.np
web-site :dipayalsilgadhimun.gov.np

प.सं. : ०७६/०७७
च.नं. :

**सिलगढी (Silgadhi)**
**सुदूरपश्चिम प्रदेश, नेपाल**


# नगर प्रमूखको कलमबाट

प्रसिद्ध शक्तिपीठ शैलेश्वरी मन्दिर, दिपायलको प्राचीन दिल्पेश्वर मठ र वासुधारा जस्ता धार्मिक स्थल रहेको हाम्रो दिपायल सिलगढी नगरपालिका भौगोलिक रुपले भुस्वर्ग खप्तडको प्रवेशद्वार सहित तत्कालिन सुदुर पश्चिमाञ्चल क्षेत्रीय सदरमुकाम दिपायल र राणाकाल देखिकै प्रशासनिक सिलगढी गौडा रहेको र हालको डोटी जिल्ला सदरमुकाम समेत रहेको कुरा हाम्रा नगरका गौरवका विषयहरु हुन । हाम्रो देशको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थालाई अवलम्वन गरी राज्यको पुनर्संरचना भई हाल संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारहरु सञ्चालनमा रहेका छन् । व्यवस्थापकीय अधिकार सहतिको अधिकार सम्पन्न स्थानीय तहहरुबाट स्थानीय सरकारको राज्य व्यवस्था चलिरहेको छ । देशभरी स्थानीय निकायको रुपामा रहेका तत्कालिन ५८ नगरपालिका र ३९१२ गाउ विकास समितिलाई स्थानीय तहको रुपमा हाल ६ महानगरपीलिका, ११ उप-महानगर पालिका, २७६ नगरपालिका र ४६० गाउपालिका गरी ७५३ वटामा विभाजिन गरी स्थानीय तहको भौगोलिक सिमाना समेत विस्तार भई विकास निर्माणको लागि थप जिम्मेवारी आएको छ ।
वि.स. २०३८ सालमा नगर पञ्चायतको रुपमा स्थापित यस दिपायल सिलगढी नगरपालिकाले मानवीय विकास र भौतिक विकासका थुप्रै आवश्यकताहरु सम्बोधन गर्नु पर्ने अवस्था रहेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम हामीले २०७६ आषाढ १० गते पाचौं नगरसभा उद्घाटन गरी सम्पन्न गरेका छौं । नगरस्तरीय र वडा स्तरीय कार्यक्रम तथा आयोजना सहित विषयगत शाखा एवं ईकाई, विभिन्न कार्यक्रमहरु तर्फका बजेट विनियोजन गरेका छौं । नगर स्तरीय, वडा स्तरीय तथा विषयगत कार्यालयहरु तर्फका योजनाहरु समेत गरी सशर्त र निशर्त तर्फ विकास निर्माण कार्य समेतको गरी आ.व.२०७६।०७७ का लागि रु.४३ करोड, ७ लाख, २१ हजार बजेट पारित गरेका छौं । नगर सभाले पारित गरेका आयोजना कार्यक्रम एवं नीतिहरु र कानुनहरुलाई जनमुखि बनाई समग्र नगरका जनताको जीवनस्तर माथि उठाउने दायित्व हाम्रो कांधमा रहेकोले सबै जनप्रतिनिधि, कर्मचारी नागरिक समाज, शिक्षक, बुद्धिजिवी, पत्रकार सहित सबैमा सहयोगको अपेक्षा गर्न चाहन्छु । प्रस्तुत दिपायल सिलगढी नगरपालिकाको आ.व. २०७६।०७७ को नीति तथा कार्यक्रम आयोजना सम्बन्धी पुस्तिका सम्बन्धित सबैकोलागि जानकारीमुलक सन्दर्भ सामाग्रीको रुपमा रहने विस्वास लिएको छु ।
यस रातो कितावमा न.पा.को आ.व.२०७६।०७७ को नीति, कार्यक्रम तथा बजेट, बिनियोजन ऐन २०७६ र आर्थिक ऐन २०७६ समेत समाबेश गरिएको छ । यस कितावमा उल्लेख गरिएका योजना तथा कार्यक्रम, नीति नियमहरु तथा करका दरहरु गहन रुपमा अध्ययन, मनन् गरी सही कार्यान्वयन भए नभएको अनुगमन गरी समयमै नगरपालिकामा जानकारी गरिदिन हुनका साथै सकारात्मक समालोचना गरी नगर समृद्धिमा आ-आफ्नो तहबाट सबै सरोकारवालालहरुलाई सहयोगको लागि अनुरोध गर्दछु ।

मन्जु मलासी
नगर प्रमुख

दिपायल सिलगढी नगरपालिका
नगर कार्यपालिका, डोटी
Dipayal Silgadhi Municipality
Municipal Executive, Doti
सिलगढी (Silgadhi)
सुदूरपश्चिम प्रदेश, नेपाल

☎-४२००९०
-४२०१६८
फ्याक्स नं.०९४-४२०२९७
ई-मेल-info@dipayalsilgadhimun.gov.np
web-site :dipayalsilgadhimun.gov.np


प.सं. : ०७६/०७७
च.नं. :

## नगर उप प्रमूखको भनाई

आ.व. २०७६।०७७ को दिपायल सिलगढी नगरपालिकाको नगर विकास योजना पुस्तिका प्रकाशन गर्न पाउदा खुसी लागेको छ । हामीले मिति २०७६ आषाढ १६ गते पाचौं नगरसभा सम्पन्न गरी नगरसभाबाट चालु आ.व. २०७६।०७७ का लागि अनुमानित आय-व्यय विवरण, योजना तथा कार्यक्रमहरु सहित नगर विकासका नीतिहरु पारित गरेका छौं । वडा स्तरीय, नगरस्तरीय, विषयत आयोजना तथा कार्यक्रमहरुलाई लक्षित समुदायमा पुऱ्याई नगरको समग्र विकास गर्नु हामी सवैको कर्तव्य रहेको छ । हाम्रो नगरमा रहेका सबै क्षेत्र र वस्तिको मानवीय र भौतिक विकासलाई संगसंगै लगि समृद्ध नगर बनाउनु हामी निर्वाचित जनप्रतिनिधिलाई चुनौति रहेको छ । सम्बन्धित सबै सरोकारवालाले विकास निर्माणको प्रकृयामा हातेमालो गर्न आवश्यक रहेको छ । यस नगरपालिकाले सबै वडालाई समान रुपले अगाडी बढाउन सहभागितात्मक योजना तर्जुमा प्रकृयाबाट आएका योजना तथा कार्यक्रममा खर्च गर्ने गरी प्रत्येक वडामा वडास्तरीय योजना तथा नगर योजना, विषयगत शाखाबाट समेत विभिन्न क्षेत्रका लागि रकम विनियोजन गरिएको छ । जनताका आवश्यकतालाई वडाबाटै सम्बोधन गर्ने गरी जवाफदेही स्थानीय सरकार बनाउने प्रयत्नका लागि हामीले वडा कार्यालयलाई पनि चुस्त र जनमुखि सेवा प्रवाह गराउनका लाीग प्रयास गरेका छौं । समग्रमा नगरसभाबाट रु. ४३ करा८, ७ लाख, २१ हजार चालु आ.व.को लागि बजेट पारित गरिएको छ । प्रदेश सरकार संघिय सरकारबाट समेत केही जनमुखी कार्यक्रम प्राप्त हुने आशा हामीले गरेका छौं । नगरपालिकाको बजेट र कार्यक्रमले मात्र समग्र नगरको आवश्यकतालाई सम्बोधन गर्न सक्दैनौ, सबै नागरिक समाज, गैर सरकारी संस्था एवं विकास प्रेमी जनता र सक्षम जनप्रतिनिधि एवं कर्मचारीको कुशल कार्यशैलीले मात्र नगर विकास सम्भव हुने अपेक्षा गरेका छौं र सबै सरोकारवाला निकाय एवं व्यक्तिलाई सहयोगको अपिल पनि गर्दछौं । प्रस्तुत पुस्तिकाले सबै नगरवासी समक्ष पारदर्शि विकास प्रयासलाई टेवा पुऱ्याउने अपेक्षा गर्दै दिपायल सिलगढी नगरपालिकालाई सभ्य र भव्य नगर बनाउन सबैको चासो र सहयोग रहोस भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

शिवराज खड्का
नगर उप प्रमुख

# दिपायल सिलगढी नगरपालिका
## नगर कार्यपालिका, डोटी
## Dipayal Silgadhi Municipality
### Municipal Executive, Doti

☎-४२००९०
-४२०१६८
फ्याक्स नं.०९४-४२०२९७
ई-मेल-info@dipayalsilgadhimun.gov.np
web-site :dipayalsilgadhimun.gov.np

प.सं. : ०७६/०७७
च.नं. :

**सिलगढी (Silgadhi)**
**सुदूरपश्चिम प्रदेश, नेपाल**


## प्रमूख प्रशासकीय अधिकृतको भनाई

स्थानीय तहको प्रशासनिक पुनर्संरचना पश्चात दिपायल सिलगढी नगरपालिकाको साविकको सिमाना यथावत रही साविक लडागडा गा.वि.स (पुरै), कलेना गा.वि.स.(पुरै), खातिवडा गा.वि. को ४,५,६ वडाहरु र बगलेक गा.वि.स.को वडा नं. ८,९ समेत मिलाई यस नगरपालिकाको क्षेत्र बिस्तार भई ग्रामिण परिवेशको धेरै भुगोल समेटिन गई स्थानीय तहको रुपमा दिपायल सिगढी नगरपालिका कायम भएर हाल ९ वडामा विभाजित १२६६१.८१ हेक्टर क्षेत्रफल रहेको यस नगरमा ७४४७ घरधुरी सहति ३२९४१ जनसंख्या रहेको छ । वडाका अधिकांस बस्तिमा आधारभुत विकासको खांचो रहेको अवस्थामा यस नगरको आन्तरिक श्रोत र नेपाल सरकारले प्रदान गरेको अनुदानले मात्र नगरको समग्र विकासका आवश्यकता पुरा हुन कठिनाई रहेको छ । नगरवासीको जनश्रमदान, गैर सरकारी संघ-संस्थासंगको साझेदारी, नागरिक समाजको निगरानी र कर्मचारीहको जिम्मेवारी तथा लगनशिलता एवं जनप्रतिनिधिज्यूहरुको उचित निर्देशन, समन्वय, सहकार्यबाट मात्र हामी समग्र नगरलाई विकासको प्रकृयामा माथि उठाउन सक्छौं ।

दिपायल सिलगढी नगरपालिकाको पाचौं नगरसभा निर्देशित समयमै २०७६ आषाढ १० गते शुरु भई ऐ. १६ गते सम्पन्न गरिएको छ । यस पाचौं नगरसभाले चालु आ.व. २०७६।०७७ को वार्षिक नीति, कार्यक्रम र बजेट पारित गरेको छ । नगरका आवश्यकता र जनताका चाहना असिमिति छन् भने हामीसंग सिमित श्रोत र साधन र बजेट रहेको छ । हामीले सबै वर्ग र क्षेत्रमा समन्वय गरी विकास प्रकृयालाई अगाडी बढाई जनतालाई विकासको अनुभूति दिलाउनु पर्ने अवस्था रहेको छ र सुशासन कायम गरी जनप्रतिनिधिज्यूहरुको परिकल्पना समेत साकार पार्नु पर्ने अवस्था रहेको छ । प्रमुख प्रशासकिय अधिकृतको हैसियतले कार्य गर्दा मलाई उचित मार्ग दर्शन गर्नुभई प्रशासन व्यवस्थापनमा सहयोग प्राप्त भएकोमा नगर प्रमुख ज्यू, उप-प्रमुखज्यू, सहित सबै जनप्रतिनिधिज्यूहरु प्रति आभार व्यक्त गर्न चाहन्छु । पारित नीतिको कार्यान्वयन एवं बजेट शिर्षको नियमानुसार खर्च एवं लक्षित प्रगति प्राप्त गर्नको लागि नगर कार्यपालिकाका कार्यलयका सबै शाखा, ईकाई र नौवटै वडा कार्यालयहरुको काम प्रतिको लगनशीलता अपरिहार्य रहेको मैले महशुस गरेको छु । प्रस्तुत कार्यक्रम तथा बजेट पुस्तिका प्रकाशन भएकोमा यस पुस्तिकाले सुशान र पारिदर्शिता बृद्धि गर्ने कुरामा सहायेग पुग्ने अपैक्षा मैले गरेको छु । सबै सरोकारवालालाई नगरको विकास निर्माणमा सहयोग गरि दिन हुन अनुरोध गर्दछु ।

नगरको विकासमा चासो राख्ने, समयमै नगरपालिकामा जानकारी गराउने नगरवासीहरु तथा नगर लाई समृद्ध बनाउन लागि परेका जनप्रतिनिधीज्यूहरु तथा अहोरात्र खटिएर विकासको प्रगति प्रतिशत हासिल गर्न तथा गुणस्तरीयता कायम गराउन लागि परेका सम्पूर्ण कर्मचारी साथीहरुलाई धन्यबाद दिन चाहान्छु ।

भोजराज शर्मा
नि.प्रमुख प्रशासकिय अधिकृत

# विषय सूची


| | |
|---|---|
| १. आ.व. २०७६।०७७ को निति, कार्यक्रम तथा बजेट | २ |
| २. आ.व. २०७६ साल अषाढ १० गतेको वैठकको निर्णयहरु | १७ |
| ३. आ.व. २०७६ साल आषाढ १६ गते बसेको निर्णयहरु | २२ |
| ४. आर्थिक ऐन २०७६ | ५१ |
| ५. विनियोजन ऐन २०७६ | ७१ |
| ६. दिपायल सिलगढी नगरपालिकाका पदाधिकारीहरुको विवरण । | ७३ |
| ७. दिपायल सिलगढी नगरपालिकाका कर्मचारीहरुको विवरण | ७५ |